# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## लिखु गाउँपालिका
## ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्या: २०७८/७९

च.नं. ८६

मिति: २०७८/५/४

श्री अध्यक्षज्यू,
लिखु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः ०७८/७९
च.नं.: ८५

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
यसम, ओखलढुंगा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले **लिखु गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१०/२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्योहोराको अन्तिम प्रतिवेदन **पाना १८** यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु.९२ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ३९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.४६ लाख १८ हजार र पेश्की बाँकी रु.२१ लाख ११ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# लिखु गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लिखु गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ८८.०३ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष** - आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएतापनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश भएको छ । गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकोले यथार्थता एकिन भएन । यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| आर्थिक विवरण, आ.ब. २०७६/७७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | व्यय तर्फ | | | |
| सि.नं | विवरण | रकम | कुल रकम | सि.नं | विवरण | रकम | कुल रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२४७२५३५ | १ | **आन्तरिक स्रोत खर्च** | १४९६५२०० | १४९६५२०० |
| | क. बैंक मौज्दात | १२४७२५३५ | | २ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | |
| २ | **राजश्व आन्तरिक आय** | | १८८२८७१ | | क. वित्तीय समानीकरण अनुदान | ६०९५५७५३ | १७७७३००६५ |
| | क. आन्तरिक राजस्व | १८८२८७१ | | | ख. शशर्त अनुदान नेपाल सरकार | १११६८५७३२ | |
| | ख. मालपोत कर | | | | ग. समपुरक अनुदान | | |
| ३ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | २६७००८५९६ | | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | १४४७००० | |
| | क. वित्तीय समानीकरण अनुदान | ७२०००००० | | | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | ३६४१५८० | |
| | ख. शशर्त अनुदान नेपाल सरकार | १६११८२७८९ | | | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - हेल्भटास | | ० |
| | ग. समपुरक अनुदान | | | | छ. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - SIP | ८२१११८५ | ८२१११८५ |
| | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | | | | ज. राजश्व वाडफाड | ४३९९५६६८ | ४३९९५६६८ |
| | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | | | ३ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | ३२५८९३७६ |
| | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - हेल्भटास | | | | क. वित्तीय समानीकरण अनुदान | ८६९७५४४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छ. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - साना सिंचाइ | | | | ख. शशर्त अनुदान प्रदेश सरकार | ११४५१२३२ | |
| | ज. राजश्व वाडफाड | ३३८२५८०७ | | | ग. समपुरक अनुदान | १०००००००० | |
| ४ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | ३५६२३२१३ | | घ. विशेष अनुदान | २४४०६०० | |
| | क. वित्तीय समानीकरण अनुदान | ८३६०४५४ | | | ङ. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | ८२०००० | ८२०००० |
| | ख. शशर्त अनुदान प्रदेश सरकार | ११४७५००० | | | च. सवारी कर बाँडफाँड | | ० |
| | ग. समपुरक अनुदान | १०००००००० | | ४ | **विपद व्यवस्थापन कोष** | १४३६४८६ | १४३६४८६ |
| | घ. विशेष अनुदान | २४४१००० | | ५ | **स्थानिय सरकार सहयोग कार्यक्रम** | | ० |
| | ङ. सवारी कर बाँडफाँड | २५२६७५९ | | | क.स्थानिय सरकार सहयोग कार्यक्रम | | |
| | च. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | ८२०००० | | ६ | **सामाजिक सुरक्षा** | ५५१९०००० | ५५१९०००० |
| | छ. कोरोना रोग रोकथाम तथा उपचार कोष | ५००००० | ५००००० | ७ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | १०००००००० | १०००००००० |
| ५ | **धरौटी आय** | | १२०१९५३ | ८ | **पर्यटन पूर्वाधार विकास आयोजना** | ५०००००० | ५०००००० |
| | क. गत वर्षको नगद मौज्दात | १३००४५ | | 9 | **राष्ट्रिय पञ्जिकरण विभाग** | ९३००९६ | ९३००९६ |
| | ख. यस वर्षको आय | १०७१९०८ | | 10 | **धरौटी** | | |
| ६ | **सामाजिक सुरक्षा** | ५५१९०००० | ५५१९०००० | | क. यस वर्षको खर्च | ४२६५४५ | ४२६५४५ |
| ७ | **स्थानिय सरकार सहयोग कार्यक्रम** | ० | ० | ११ | **शशर्त अनुदान फिर्ता** | | ३१६६५८५६ |
| ८ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | १०००००००० | १०००००००० | | क संघिय सरकार सशर्त अनुदान | ३१६४१६८८ | |
| ९ | **पर्यटन पूर्वाधार विकास आयोजना** | ५०००००० | ५०००००० | | ख प्रदेश सशर्त अनुदान | २४१६८ | |
| १० | **राष्ट्रिय पञ्जिकरण विभाग** | ९३००९६ | ९३००९६ | | | | |
| ११ | **प्रकोप व्यवस्थापन कोष** | १६२६९०० | १६२६९०० | १२ | **बैंक मौज्दात** | | ४०४२२२३२ |
| 12 | **अन्य आय** | २८०६८८ | २८०६८८ | | धरौटी | ७७५४०७ | |
| | | | | | संचितकोष | ७९८०९६९ | |
| | कुल जम्मा | ३९१७१६८५२ | ३९१७१६८५२ | | कुल जम्मा | ३९१७१६८५२ | ३९१७१६८५२ |

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | **असुलीको स्थिति** – प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.७२३२८०।- असुल भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात रकम र बजेट खर्चको हिसाव मिलेको छैन।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• सबै योजनाको अनुगमन प्रतिवेदन रहेको देखिएन।<br>• गाउँपालिकावाट भएको योजनाको सिफारिस हुने गरेको देखिएन।<br>• कार्यक्रममा भएको खर्चको तेरिज बनाएको देखिएन।<br>• पेश्की फछ्यौट नगरी पेश्की दिने गरेको देखियो ।<br>• स्वास्थ्य क्षेत्रका एउटै कर्मचारीलाई धेरै कार्यक्रमको पेश्की दिने गरेको देखियो ।<br>• निर्माणसंग सम्बन्धित नापी नियन्त्रण खाता, नापी किताब जस्ता अभिलेखको पुर्ण पालना गरेको देखिएन।<br>• गाउँपालिका अध्यक्षले ३ दिन भन्दा बढी अवधिको भ्रमण आदेश गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन।<br>• बैक नगदी किताबमा सिलसिलेवार रुपमा गोश्वारा भौचरको अंक प्रविष्टी गर्ने गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको देखिएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको देखिएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न सम्झौता अनुसार गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको देखिएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन। | |

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको देखिएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको देखिएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पारित नगरी खर्च लेखेको देखियो।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको देखिएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शान्ता ढुंगेलले २०७६।३।१० गते रु.३४ करोड १८ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ४. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु.हजारमा) | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | गा पा पुंजिगत | ८७०१९ | २०९६ | २१२८२ | ६३६४१ | ४०८५२ |
| | खर्च प्रतिशत | | २.४० | २४.४५ | ७३.१३ | ४६.९४ |

| | | |
|---|---|---|
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ५. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त | |

कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो बर्ष थप भएको ५ गरी कुल ८ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| ७. | **दोहोरो यातायात सुविधाः-** पदाधिकारीहरुले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ (संसोधन सहित) को दफा ३ अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ। पालिकाका देहाय बमोजिमका पदाधिकारीहरुले पालिकाको सवारी साधन सुविधा लिएको अवस्थामा पनि यातायात खर्च भुक्तानी लिएकोले दोहोरो पर्न गएको यातायात खर्च बापतको रकम असुल गरी दाखिला हुनुपर्ने रु... | ५५२०००/- |

| सि.न. | पद | पदाधिकारीको नाम | यातायात न. | बढी रकम |
|---|---|---|---|---|
| १ | अध्यक्ष | गोविन्द ब.पौडेल | बा.२झ ४०९१ | १२०००० |
| २ | वडाध्यक्ष | कुमारराज सुवेदी | बा.३ब ३१ | ४८००० |
| ३ | वडाध्यक्ष | रामहरी बुढाथोकी | बा.३ब ३० | ४८००० |
| ४ | वडाध्यक्ष | गोपाल खडका | बा.३ब २६ | ४८००० |
| ५ | वडाध्यक्ष | धन ब.कार्की | बा.३ब ३२ | ४८००० |
| ६ | वडाध्यक्ष | गोपाल भट्टराई | बा.३ब २७ | ४८००० |
| ७ | वडाध्यक्ष | टिका ब.क्याप्छाकी | बा.३ब २९ | ४८००० |
| ८ | वडाध्यक्ष | वेद बहादुर कार्की | बा.३ब ३५ | ४८००० |
| ९ | वडाध्यक्ष | बिशाल कु.पौडेल | बा.३ब ३४ | ४८००० |
| १० | वडाध्यक्ष | शुकवीर तामाँङ्ग | बा.३ब ३३ | ४८००० |
| जम्मा | | | | ५५२००० |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • **आयकर एवं मू.अ.कर** | |
| ८. | **नपुग कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने करमा घटि गरी कट्टि गरेकोले नपुग कर रु.२३५३१।- असुल हुनुपर्ने रु... | २३५३१/- |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | लाग्ने कर रकम | कट्टि कर | नपुग कर |
|---|---|---|---|---|---|---|

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६२-२०७७/३/३१ | कुटिडाँडा मझुवा भन्ज्याङ योजना (गाउँवेसी कन्सट्रक्सन) | ८५२५०० | १.५ | १२७८७ | ८४६१ | ४३२६ |
| २५-२०७७/३/३० | विचारी आहाल भदौरे रानामोट काफल वेसी सडक | ५०१०००० | १.५ | ७५१५० | ६६८३० | ८३२० |
| १६-२०७७/१/१४ (पशु) | बोयर बोका खरिद | ७००००० | १.५ | १०५१० | ५२५० | ५२६० |
| ६९-२०७७/२/१६ (कृषि) | मकै बीउ खरिद | ३७५००० | १.५ | ५६२५ | - | ५६२५ |
| | जम्मा | | | | | २३५३१ |

- **उपभोक्ता समिति मार्फत कार्य**

९. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १९१-२०७७/२/१६ | बाघखोर कुटी डाँडा सडक स्तरोन्नती | सडक निर्माण | ३८८०००० | एक्साभेटर मेसिन | ३८८०००० |
| २०३-२०७७/३/२९ | खाल्टे जाल्पाटारको डिल सडक | सडक निर्माण | १४५५००० | ,, | १४५५००० |
| ३५१-२०७७/३/३१ | विचारी आहाल चण्डीभन्ज्याङ सडक | सडक निर्माण | १९४०००० | ,, | १६६३००० |
| ३४६-२०७७/३/३१ | भन्ज्याङ गौरी दोवाटो वतासे सडक | सडक निर्माण | १९४०००० | ,, | १७६७५८७ |
| ११-२०७७/३/२५ (पर्यटन पुर्वाधार) | टार केरावारी | भन्ज्याङ पोखरी डाँडा मोटरवाटो | २४२५००० | ,, | २५०९७६५ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

१०. **जटिलसंरचना निर्माण** - भौ.नं.३६८-२०७७/३/३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको वजार व्यवस्थापन तथा पूर्वाधार भवन निर्माणमा जटिल प्राविधिक पक्ष समावेश भएको रु.४६४४३९२।- को पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्तो कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

११. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौं.नं./मिति | उपभोक्ता समिति र काम | बजेट | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|---|
| ७८-२०७६/१०/२८ | टारकेरावारी सडक | ३०००००० | ३२०६९३४ | ३१०५२२४ | २९०४८५४ | ३०००००० | ९५१४६ |
| ११-२०७७/३/२५ | टारकेरावारी भन्ज्याङ पोखरी डाँडा | २५००००० | २७६४६५७ | २७३२१०३ | २४७०५६३ | २५००००० | २९४३७ |
| ३६२-२०७७/३/३१ | कुटि डाँडा मझुवा भन्ज्याङ योजना | १०००००० | ११२२९८६ | ७३९६३४ | ६५८६३१ | ६६७३४९ | ८७१८ |
| | जम्मा | | | | | | १३३३०१ |

बेरुजू रकम रु. १३३३०१/-

१२. **फरक दररेट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । विभिन्न प्रकारको माटो खन्ने (बकेट प्रयोग गरी सजिलै खन्न सकिने) कार्यको लागि ओखलढुंगा जिल्ला भरि लागु हुने गरी रु.८४.७५ (मु.अ कर समेत) जिल्ला दररेट कायम गरेकोमा गाउँपालिकाले तपसिल बमोजिमको उपभोक्ता समिति मार्फत संचालित निर्माण कार्यमा देहाय अनुसार जिल्ला दररेट भन्दा बढी दरले लागत अनुमान बनाई भुक्तानी दिएको देखिएकोले उक्त बढी रकम असुल हुनुपर्ने रु...

| उपभोक्ता समितिको नाम | लागत अनुमान दर | परिमाण प्रति घ मि | बढी भुक्तानी |
|---|---|---|---|
| भन्ज्याङ गैरी दोबाटो वतासे सडक | ८८.५९ | १६४५४ | ६३१८३ |
| विचारी आहाल चण्डी भन्ज्याङ | ८८ | १८७५६.४ | ६०९५८ |
| बाघखोर रामेश्वर चिउरी डाँडा | ८८.५९ | १२७९५.८० | ४९१३५ |
| कर्कले भस्मे विरौटा सडक | ८८.५९ | ११६११ | ४४५८६ |
| टारकेरावारी भन्ज्याङ पोखरी डाँडा | ८८ | १६७०८.१ | ५४३०१ |
| फेदी रायवारी सिद्धथान पोखरी गैरी खोल्सा | ८८.५९ | ७२७८ | २७९४७ |

बेरुजू रकम रु. ५५३८४७/-

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | |
|---|---|---|---|
| डुंडे गैरा जुके खोला | ८८.५९ | ४९१७ | १८८८१ |
| छतिवने वाटो स्तरोन्नती | ८८.५९ | ४९६३.५५ | १९०६० |
| टारकेरावारी सडक | ८७.०१ | ६८८३.९७ | १५५५७ |
| माझीटार स्वास्थ्य चौकी जोगी डाँडा | ८८.५९ | ७१८१.०३ | २७५७६ |
| विचारी आहाल भदौरे रातोमाटे काफलवेसी | ८८ | २४४९२.७ | ७९६०१ |
| जाल्पा मावि भकारे ढुंगा चिनेटार लेति सडक | ८८ | ११९५४ | ३८८५० |
| पोकली पिपलडाँडा डाँडाखर्क मझुवादेवीटार सडक | ८८.५९ | ३५५० | १३६३२ |
| यस खेलमैदान स्तरोन्नती | ८७.०१ | ४५६० | १०३०५ |
| जाल्पा पिनडाँडा सडक | ८८ | १६०६.८ | ५२२२ |
| मझुवा भन्ज्याङ माहुर डाँडा | ८७.०१ | ७२९१ | ७२८८ |
| कुटिडाँडा मझुवा भन्ज्याङ योजना | ८८.५९ | २३५१.३ | ९०२९ |
| खाल्टे जाल्पा टारको डिल सडक | ८८ | १५४०१ | ५००५ |
| कुटि डाँडा जोगी डाँडा भैसे सडक | ८७ | ३७३५ | ३७३१ |
| **जम्मा** | | | **५५३८४७** |

१३. **फोटोकपी विजकवाट मु.अ.कर भुक्तानी** - मुल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कारोबार गर्दा रितपुर्वकको कर विजक पेश गर्नुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायिलाई मूल्य अभिबृद्धि कर विजकको फोटोकपी पेश भएको अवस्थामा निम्नानुसारको मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोले सक्कल कर विजक वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सो बराबरको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.... — बेरुजू रकम रु. ८०४४५९/-

| भौ नं. र मिति | कार्यक्रम | फर्मको नाम | मु.अ.कर रकम |
|---|---|---|---|
| २०७-२०७७/२/१८ | सडक निर्माण | खाँडादेवी कन्स्ट्रक्सन प्रालि | ३४१९०६ |
| २६४-२०७७/३/१५ | ,, | ,, | ४६२५५३ |
| **जम्मा** | | | **८०४४५९** |

१४. **बढी पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्म अग्रिम रुपमा पेश्की दिन सक्ने उल्लेख छ । कार्यालयले सम्झौता रकमको ४० प्रतिशतसम्म पेश्की दिइ कार्यसम्पन्न गराएको देखियो । नियमावलीमा भएको व्यवस्था भन्दा बढी पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरण यस प्रकार रहेका छन् -

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | बजेट | सम्झौता रकम | पेश्की रकम |
|---|---|---|---|---|
| २-२०७६/७/४ | बाघखोर कुटि डाँडा सडक स्तरोन्नती | ४०००००० | ४२७०८७१ | १५५३००० |
| ३५-२०७६/९/१३ | बजार व्यवस्थापन तथा पुर्वाधार निर्माण | ५०००००० | ५३४१२३३ | २०००००० |
| १-२०७६/८/१८ | टारकेरावारी सडक योजना | ३०००००० | ३२०६९३४ | ११६४००० |
| २०३-२०७७/३/२९ | खाल्टे जाल्पा टारको डिल सडक | १५००००० | १६१५४६२ | ६००००० |
| ३२५-२०७७/३/२९ | जाल्पा पिङडाँडा सडक | २०००००० | २२३५७१३ | ८००००० |

| | | |
|---|---|---|
| १४.१. | उपरोक्त कार्यको लागि ज्यामीको ज्याला प्रति दिन रु.८००।- र दक्ष कामदारको रु.९५०।- का दरले रु.६४३४००।- खर्च लेखेको देखियो । जिल्ला दररेट अनुसार ज्यामी ज्याला दैनिक रु.६७०।- र दक्ष कामदारको रु.९३०।- ले रु.५९२०६०।- खर्च लेख्नु पर्नेमा बढी खर्च लेखेको रु.५१३४०।- असुल हुनुपर्ने रु... | ५१३४०/- |
| १५. | **जग्गा खरिद** - गाउँपालिकाले यस वर्ष वडाहरुको लागि आवश्यक जग्गा खरिदको लागि रु.३५४८१४९।- खर्च गरेको पाइयो । जग्गा खरिद गर्नु अगाडी जग्गा निशुल्क उपलब्ध गराउने सम्बन्धमा प्रयत्न गरी कुनै सूचना प्रकाशन गरेको देखिएन । तसर्थ जग्गा खरिद गर्नु अगाडी निशुल्क जग्गा प्राप्तीको लागि सूचना प्रकासन गरी निशुल्क उपलब्ध हुन नसकेमा मात्र जग्गा खरिद प्रकृया अगाडी बढाउनु पर्ने देखिन्छ । | |
| १६. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | २२ विद्यालय | १५० | १५० | १८ | ३४३५ |

| | | |
|---|---|---|
| १७. | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |

<table>
<tr><th colspan="2">कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१८.</td><td>छात्रवृति तथा पाठ्यपुस्तक वितरण - कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आर्थिक वर्षमा छात्रवृत्ति बापत रु.५४२४००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१६०६०००।- गरी २२ विद्यालयहरुलाई रु.२१४८४००।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण - विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम यस गाउँपालिका अन्तर्गतका ८ माध्यमिक विद्यालय र १४ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.२६००००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवाफदेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिंदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधि २०७७/९/२७ सम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>करार कर्मचारी चाडपर्व खर्च - नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै चाडपर्व खर्च भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>विद्यालयको नाम</th><th>कर्मचारीको नाम</th><th>नियुक्ति मिति</th><th>चाडपर्व खर्च बापतको रकम</th></tr>
<tr><td>बडडाँडा आवि</td><td>मेनुका कार्की</td><td>२०७६/२/२४</td><td>२६६१०</td></tr>
<tr><td>ग्रामज्योति आवि</td><td>पार्वती लुइटेल</td><td>२०७६/२/२२</td><td>२६६१०</td></tr>
<tr><td>यसम मावि</td><td>गोपाल कटवाल</td><td>२०७६/२/२४</td><td>२६६१०</td></tr>
<tr><td>,,</td><td>इश्वरी खत्री</td><td>२०७६/२/२४</td><td>२६६१०</td></tr>
<tr><td>ग्रामोदय युगकवि सिद्धिचरण मावि</td><td>मिलन भट्टराई</td><td>२०७६/२/२४</td><td>२८२००</td></tr>
<tr><td>,,</td><td>रिश्मा कुश्मी थारु</td><td>२०७६/१/५</td><td>२८२००</td></tr>
<tr><td>,,</td><td>शौरभ मरहठ्ठा</td><td>२०७६/१/५</td><td>३५९९०</td></tr>
<tr><td>राम्चेग्राम विकास आवि</td><td>शंकर कुमार सिंह</td><td>२०७६/२/२३</td><td>२६६१०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>२२५४४०</td></tr>
</table></td><td>२२५४४०/-</td></tr>
<tr><td>२१.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि</td><td></td></tr>
</table>

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३५०००००।- तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| २२. | **दिवा खाजा** - सामुदायिक विद्यालयका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनको लागि विद्यालयको खातामा अनुदान दिने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको छ । यस्तो रकम निकासा गर्दा विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर निकासा दिनुपर्नेमा गाउँपालिकाले यस वर्ष बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत १६३७ जना विद्यार्थीलाई कोभिड १९ को कारण चैत्र देखि आषाढ मसान्त सम्म विद्यालय बन्द रहेको अवस्थामा पनि २२ विद्यालयको लागि रु.३०७३६८०।- निकासा दिएको पाइयो । निकासा दिएको रकमलाई आधारमान्दा प्रति विद्यालयलाई १२५ दिनका दरले रकम निकासा भएको देखिन्छ । कोभिड १९ को संक्रमणको कारण २०७६ चैत्र देखि २०७७ आषाढसम्म विद्यालय खुलेको प्रमाण पेश भएको छैन । | |
| | **स्वास्थ्यतर्फ** | |
| २३. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.१८२२०११।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार छनः | |
| २३.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हुन नखुलेको र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| २३.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश नभएको, | |
| २३.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| २३.४. | जिन्सी कितावमा औषधिको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| २३.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारीसारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २४. | **संघीय संचितकोष दाखिला** - विनियोजन ऐन, २०७६ मा संघीय सशर्त अनुदान अन्तर्गत प्राप्त रकम वर्षान्तमा खर्च नभै बाँकी रहेमा संघीय संचितकोषमा फिर्ता पठाउनु पर्ने व्यवस्था छ । पालिकाले | १७६५००/- |

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

निम्नानुसारको कार्यक्रममा बाँकी रहेको रकम गाउँपालिकाको संचितकोष खातामा फिर्ता गरेको पाइयो। उक्त रकम संघीय संचित कोष दाखिला हुनुपर्ने रु...

| भौ नं. र मिति | कार्यक्रम | बजेट खर्च | कार्यक्रम भएको रकम | बाँकी भइ फिर्ता भएको रकम |
|---|---|---|---|---|
| १३२, ८८ | परिवार योजन तथा प्रजनन स्वास्थ्य | ३६४००० | २८२५०० | ८१५०० |
| ११-२०७६/९/३ | औषधी समुचित प्रयोग प्रवर्द्धनको लागि साथि समुह शिक्षा | ७५००० | ३५००० | ४०००० |
| ,, | स्वा.चौकीको न्यूनतम सेवा मापदण्ड | ७५००० | २०००० | ५५००० |
| जम्मा | | | | १७६५०० |

२५. **भ्रमण खर्च** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण खर्चमा रु.२४५००००/- खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम कार्य हुनुपर्दछ।

**आन्तरिक राजस्वतर्फ**

२६. **आन्तरिक आय** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ९ वटा वडा कार्यालय मार्फत मालपोत, सिफारिस दस्तुर, पञ्जीकरण, लगायतका शीर्षकमा रु.१७४०६८३।-राजस्व असूली गरेको विवरण पेश गरेकोमा शिर्षकगत राजश्व खाता खडा नगरेकोले प्राप्तिको स्रोत यकिन गर्न सकिएन। साथै राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी पालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी पालिकाले लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

२७. **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । पालिकामा व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । पालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

<table>
<tr><td colspan="3">कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा      आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष (कोभिड १९ कोरोना कोष)</td><td></td></tr>
<tr><td>२८.</td><td>गाउँपालिकाले कोभिड १९ कोष खडा गरी उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार र पालिकावाट जम्मा रु.२१२६९००।- आम्दानी गरेको छ । उक्त आम्दानीवाट खर्च भएको रु.१४३६४८६।- मध्ये रु.१०७८५२५।- साबुन, मास्क तथा सेनिटाइजर खरिदमा र बाँकी रकम क्वारेन्टाइन निर्माण, खाजा खाना र विविधमा खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद प्रकृयावाट खर्च गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु...
<table>
<tr><th>भौ नं. र मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>रकम (मु.अ कर समेत)</th></tr>
<tr><td>५-२०७६/७/७</td><td>पुस्तकालय तथा मेडिसिन न्याक</td><td>लिखु फर्निचर उद्योग</td><td>४५५३९०</td></tr>
<tr><td>१४८-२०७६/१२/८</td><td>औषधी दराज लगायत ५ आइटम</td><td>लिखु फर्निचर उद्योग</td><td>११७५२०</td></tr>
<tr><td>२५३-२०७७/३/४</td><td>सर्भे उपकरण खरिद</td><td>जियो स्याट सोलुसन प्रालि</td><td>४८२९९०</td></tr>
<tr><td></td><td>मौरी घार वितरण</td><td>कृष्ण मौरी उधोग देउराली रामेछाप-९</td><td>९९९६८०</td></tr>
<tr><td></td><td>मौरी घार वितरण</td><td>सँबृद्धी कृषि सामाग्री केन्द्र प्रा.लि.</td><td>५६२३२०</td></tr>
<tr><td></td><td>फलफुल क्षेत्र विकास</td><td>विभिन्न फर्मबाट</td><td>२००००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४६१७९००</td></tr>
</table></td><td>४६१७९००/-</td></tr>
<tr><td>३०.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सोलिङ तथा ड्रेन निर्माण कार्यमा यस वर्ष ४१ जना लक्षित वर्गलाई २१ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला बापत रु.९६४२००।- खर्च लेखेको छ। उक्त खर्चवाट अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको छ भन्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
</table>

<table>
<tr><td colspan="3">कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा      आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>३१.</td><td>भत्ता वितरण - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु.५५१९०००० /- खर्च भएकोमा देखिएका थप व्यहोराहरु निम्न अनुसार छन् ।</td><td></td></tr>
<tr><td>३१.१.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा अनुसार लाभग्राहीको विवरण एम आइ. एस. मा प्रविष्टि नभई कुनै पनि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा प्राप्त हुने छैन भनी उल्लेख गरेको छ । गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा एम.आइ.एस. मा प्रविष्टि नभएका व्यक्तिहरुलाई भरपाईका आधारमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको देखियो ।</td><td></td></tr>
<tr><td>३१.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार सामाजिक सुरक्षा उपभोग गर्न इच्छुक र योग्य नागरीकलाई तोकिएको मितिमा वडा कार्यालय मार्फत अनुसुची-३ र ४ बमोजिमको ढाँचामा फारम आव्हान गरी दरखास्त संकलन, नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार कार्यविधिको पालना नगरेको हुँदा लाभग्राहीको संख्या यकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>३१.३.</td><td>कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ९ वटै वडाका लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गाउँपालिकाले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१.४.</td><td>वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले गर्नसक्ने कुरा सम्बोधन गरी गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्दछ । निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु...<br>
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की दिएको मिति</th><th>रकम</th></tr>
<tr><td>टारकुलो मर्मत जलउपभोक्ता संस्था</td><td>२०७७/३/१८</td><td>६४०४०४</td></tr>
<tr><td>पोकलीखोला खेत महानगरी डाँडाखर्क सिंचाइ कुलो ज उ स</td><td>२०७७/३/२३</td><td>३६४०८९</td></tr>
<tr><td>पोकलीखोला चिलाउने सिंचाइ कुलो ज उ स</td><td>२०७७/३/१९</td><td>६२२४६२</td></tr>
<tr><td>साकलेखोला पचासे मझुवा सिंचाइ कुलो ज उ स</td><td>२०७७/३/१८</td><td>४८४४९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२११४५०</td></tr>
</table></td><td>२१११४५०/-</td></tr>
<tr><td></td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।</td><td></td></tr>
</table>

**कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा** **आर्थिक वर्ष - २०७६/७७**

**दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.**

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २ | २०७४।७५ | २७ | वितरणमुखी कार्यक्रम | | | १९५८००० | | १९५८००० |
| ५ | २०७४।७५ | ४० | शिक्षा राम्चे आ बी को सा प दोहोरो परेको | १०००० | | | | १०००० |
| ६ | २०७४।७५ | ४१ | प्र अ भत्ता दोहोरो परेको | २००० | | | | २००० |
| ९ | २०७४।७५ | ५९ | योजना स्वीकृत वेगर खर्च | | | ४७०००० | | ४७०००० |
| १० | २०७४।७५ | ६४ | गोडेखोला खानेपानी | | | ६५०००० | | ६५०००० |
| १६ | २०७४।७५ | ७० | राम्जे शिव मन्दिर मर्मत | | | २५००० | | २५००० |
| १७ | २०७४।७५ | ७१.१ | ब्याग बितरण | | ४५००० | | | ४५००० |
| १८ | २०७४।७५ | ७१.२ | योजना बिल बढि भुक्तानी | ५००० | | | | ५००० |
| १९ | २०७४।७५ | ७२ | योजना भिसेनस्थान सडक | | | ५०००० | | ५०००० |
| २० | २०७४।७५ | ७३ | डुडेगैडा वाघखोर डाँडा सडक | | | १५०००० | | १५०००० |
| २२ | २०७४।७५ | ७५ | एक योजनाको रकम अन्य योजनामा खर्च | | | ११००००० | | ११००००० |
| २३ | २०७४।७५ | ७९ | कृषि कार्यक्रम | | ३१५०० | | | ३१५०० |
| २५ | २०७४।७५ | ८३ | चिनटार सडक योजना | | | ३००००० | | ३००००० |
| २७ | २०७४।७५ | ८८.३५ | बैठक भत्ता भर्पाइ नभएको | | ३२००० | | | ३२००० |
| २८ | २०७४।७५ | ८८.३२ | बैठक भत्ता भर्पाइ नभएको | | ३६००० | | | ३६००० |
| २९ | २०७४।७५ | ८८.३० | बैठक भत्ता भर्पाइ नभएको | | ३६००० | | | ३६००० |
| ३० | २०७४।७५ | ८८.२९ | बैठक भत्ता भर्पाइ नभएको | | ३६००० | | | ३६००० |
| ३१ | २०७४।७५ | ८८.२८ | बैठक भत्ता भर्पाइ नभएको | | ४१००० | | | ४१००० |
| ३२ | २०७४।७५ | ८८.२७ | बैठक भत्ता भर्पाइ नभएको | | ७८००० | | | ७८००० |
| ३३ | २०७४।७५ | ८८.२४ | बैठक भत्ता भर्पाइ नभएको | | ९९००० | | | ९९००० |
| ३४ | २०७४।७५ | ८८.२३ | बैठक भत्ता भर्पाइ नभएको | | ७९००० | | | ७९००० |
| ३६ | २०७४।७५ | ८८.१५ | बैठक भत्ता भर्पाइ नभएको | | ४८००० | | | ४८००० |
| ३७ | २०७४।७५ | ८८.१३ | बैठक भत्ता भर्पाइ नभएको | | ४३००० | | | ४३००० |
| ३८ | २०७४।७५ | ८८.६ | बैठक भत्ता भर्पाइ नभएको | | ७२००० | | | ७२००० |
| ३९ | २०७४।७५ | ८८.५ | बैठक भत्ता भर्पाइ नभएको | | ४५००० | | | ४५००० |
| ४० | २०७४।७५ | ८८.७ | | | ८४००० | | | ८४००० |
| ४१ | २०७४।७५ | ८९.५ | भ्रमण भत्ता | ३४०० | | | | ३४०० |
| ४३ | २०७४।७५ | ८९.1.२ | भ्रमण भत्ता | | ४९०० | | | ४९०० |
| ४४ | २०७४।७५ | ९०.४ | सहायक सहयोगिको भर्पाइ पेश | | ४७००० | | | ४७००० |
| ४५ | २०७४।७५ | ९०.५ | सहायक सहयोगिको भर्पाइ पेश | | ६९६०० | | | ६९६०० |
| ४७ | २०७४।७५ | ९०.६ | सहायक सहयोगिको भर्पाइ पेश | | ४८००० | | | ४८००० |
| ४८ | २०७४।७५ | ९०.७ | सहायक सहयोगिको भर्पाइ पेश | | ८८००० | | | ८८००० |
| ४९ | २०७४।७५ | ९०.९ | सहायक सहयोगिको भर्पाइ पेश | | २४००० | | | २४००० |
| ५० | २०७४।७५ | ९०.८ | सहायक सहयोगिको भर्पाइ पेश | | ३८००० | | | ३८००० |
| ५२ | २०७४।७५ | १०६ | असुली रकम | ५००० | | | | ५००० |
| ५३ | २०७४।७५ | ३९ | स्थानिय भत्ता भु | २७६०० | | | | २७६०० |
| ५४ | २०७४।७५ | ८९.६ | फिर्ता रकम आन्तरिक जम्मा | ९०० | | | | ९०० |
| ५६ | २०७४।७५ | ८९.७ | फिर्ता रकम आन्तरिक जम्मा | १३०० | | | | १३०० |
| ५७ | २०७४।७५ | ११२.१ | फिर्ता रकम आन्तरिक जम्मा | ११२०० | | | | ११२०० |
| ५८ | २०७४।७५ | ११३ | फिर्ता रकम आन्तरिक जम्मा | ५००० | | | | ५००० |
| ५९ | २०७४।७५ | १०१ | फिर्ता रकम आन्तरिक जम्मा | २०००० | | | | २०००० |
| ६० | २०७४।७५ | ८९.१ | फिर्ता रकम आन्तरिक जम्मा | १६५०० | | | | १६५०० |
| ६१ | २०७४।७५ | ८९.२ | फिर्ता रकम आन्तरिक जम्मा | २५०० | | | | २५०० |
| ६२ | २०७४।७५ | ८९.४ | फिर्ता रकम आन्तरिक जम्मा | ३४५० | | | | ३४५० |
| ६४ | २०७४।७५ | १११ | फिर्ता रकम बाँकी | ५५००० | | | | ५५००० |
| जम्मा | | | | १६८८५० | ११२५००० | ४७०३००० | | ५९९६८५० |
| ६५ | २०७५।७६ | २४.१ | ८ नं वडा सा सु भत्ता फिर्ता | ९६०० | | | | ९६०० |
| ६६ | २०७५।७६ | २४.८ | ७ नं वडा सा सु भत्ता फिर्ता | ५६०० | | | | ५६०० |
| ६८ | २०७५।७६ | ३० | सिताधारा खानेपानी ६ नं वडा लिखु खा पा | | २८०५० | | | २८०५० |
| ७० | २०७५।७६ | ४२.१ | SIP पेश्की | | | | ८३३००० | ८३३००० |

| कार्यालयको नाम - लिखु गाउँपालिका, ओखलढुंगा | | | | | | | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | | | | | | | बेरुजू रकम रु. |
| ७१ | २०७५।७६ | ४७ | शिक्षक को तलब निकासा | ५१०० | | | | ५१०० |
| ७२ | २०७५।७६ | ४८.० | शिक्षक को तलब निकासा | ७७५१ | | | | ७७५१ |
| ७३ | २०७५।७६ | ४९.३ | भौतिक निर्माण शिक्षा शाखा | | ६५०००० | | | ६५०००० |
| ७४ | २०७५।७६ | ४९.५ | चिउरिडाँडाँ मा वि शौचालय | | ७००००० | | | ७००००० |
| ७५ | २०७५।७६ | ४६.० | विल भर्पाइ बाहेक खर्च गरेको | ७४३० | | | | ७४३० |
| ७६ | २०७५।७६ | ५१.१ | पशु सेवा तलब | | ७११९१ | | | ७११९१ |
| ७७ | २०७५।७६ | ५१.२ | आप र लिचि विरुवा भर्पाइ | | १७७५०० | | | १७७५०० |
| ७८ | २०७५।७६ | ५१.६ | पदाधिकारी सेवा सुविधा ६ | | १२४००० | | | १२४००० |
| ७९ | २०७५।७६ | ५१.७ | पदाधिकारी सेवा सुविधा २ | | १३७००० | | | १३७००० |
| ८० | २०७५।७६ | ५१.८ | पदाधिकारी सेवा सुविधा ७ | | १३१००० | | | १३१००० |
| ८१ | २०७५।७६ | ५१.९ | पदाधिकारी सेवा सुविधा ८ | | १२४००० | | | १२४००० |
| ८४ | २०७५।७६ | ४९.१ | बाली विज्ञान ल्याव | | २६००००० | | | २६००००० |
| ८५ | २०७५।७६ | ४९.२ | शौचालय निर्माण | | ७००००० | | | ७००००० |
| ८६ | २०७५।७६ | ४९.३ | ICT Lab स्थापना | | ६५०००० | | | ६५०००० |
| ८७ | २०७५।७६ | ४९.४ | पुस्तकालय स्थापना | | ६५०००० | | | ६५०००० |
| ८८ | २०७५।७६ | २४.४ र ५ | ३ नं वडा सा सु भत्ता फिर्ता | ९६०० | | | | ९६०० |
| ८९ | २०७५।७६ | ५० | बढी भुक्तानी | ४५७५ | | | | ४५७५ |
| जम्मा | | | | ४९६५६ | ६७४२७४१ | ० | ८३३००० | ७६२५३९७ |
| कुल जम्मा | | | | २१८५०६ | ७८६७७४१ | ४७०३००० | ८३३००० | १३६२२२७४ |

संचित कोष तथा बेरुजुको स्थिति - पालिकाको संचित कोषको स्थिति, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसूची-१, २ र ३ मा समावेश गरिएको छ ।

अनुसूची-१

## संचित कोषको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| प्रदेश नं.१ | ओखलढुंगा | लिखु गाउँपालिका | गाउँपालिका | ७३०५३९ | ९२४९ | १.२७ | १२४७३ | २६५४५९ | ३६३५३ | १८८३ | ७५५४९ | ३७९२४४ | २००९०६ | ९२४०५ | ५७९८३ | ३५१२९५ | ४०४२३ |

अनुसूची-२

## बेरुजु बर्गीकरण

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा /नगर/गाउँ पालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं.१ | ओखलढुंगा | लिखु गाउँपालिका | गाउँपालिका | २३ | २२ | १२७०१ | ० | १२ | ३४५२ | २३ | १० | ९२४९ | १५३९ | ४६१८ | ९८१ | ० | ० | ५५९९ | ० | २१११ | २१११ |

अनुसूची-३

## अद्यावधिक बेरुजुको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | गत वर्षको अनुसूचीवाट | समायोजन | गत बर्ष सम्मको बाँकी वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | ओखलढुंगा | लिखु गाउँपालिका | गाउँपालिका | ४३३२० | -२४४ | ४३०७६ | १३६२२ | १३६२२ | ० | ० | २९४५४ | ९२४९ | ३८७०३ | २१२९ |